# लोक सेवा आयोग

## (सूचना तथा प्रकाशन शाखा)

कमलपोखरी, काठमाडौं

**सूचना नं. १२०६/२०८१-८२, मिति-२०८२/०१/२२**

## राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक), सिनियर अपरेटर पदको जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवातर्फ कायम भएको पदलाई कार्यक्षमता मूल्याङ्कन बढुवातर्फ कायम गरिएको सूचना

यान्त्रिक कार्यालय, डुम्रे, तनहुँको नेपाल इञ्जिनियरिङ्ग सेवा, मेकानिकल समूह, नि.उ.स. उपसमूह, रा.प.अनं.प्रथम श्रेणी (प्राविधिक), सिनियर अपरेटर पद १ (एक) जेष्ठता तथा कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवातर्फ प्रतिशत निर्धारण भई प्रकाशित सूचना अनुसार बढुवाका लागि दरखास्त पेश गर्ने सम्भाव्य उम्मेद्वारहरुले कार्यसम्पादनको मूल्याङ्कनमा न्यूनतम अंक प्राप्त नगरेको कारण बढुवा सिफारिश हुन नसकेकोमा सो पद-१(एक) निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा १(क) को खण्ड (क) बमोजिम कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवातर्फ कायम गरी सूचना प्रकाशन गरिदिनु हुन भनी लोक सेवा आयोग, पोखरा कार्यालयको च.नं. ५३८ मिति २०८२।०१।८ को पत्रबाट सिफारिस भई आएकोले सो अनुसार रिक्त भै पदपूर्तिका लागि प्राप्त हुन आएको राजपत्र अनंकित प्रथम श्रेणीको निम्नलिखित सेवा/समूह/उपसमूहको पद कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाद्वारा पूर्ति गर्नुपर्ने भएकोले सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित बढुवाको दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०८२।०२।२५ सम्ममा **सम्बन्धित बढुवा समितिको सचिवालयमा** नियम बमोजिम दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फाराम लोक सेवा आयोगको **Website:** www.psc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही हुने छैन।

**लोक सेवा आयोग ,पोखरा कार्यालय, पोखरा अन्तर्गत**

| क्र.सं. | बढुवा सूचना नं. | रिक्त भएको पद | | | बढुवा समितिको सचिवालय | बढुवा निर्णय उपर उजुरी सुन्ने निकाय र पदाधिकारी |
|---|---|---|---|---|---|---|
| | | पद, सेवा, समूह, उपसमूह | पद संख्या | बढुवाको लागि सम्भाव्य कार्यालय तथा निकाय (बढुवा क्षेत्र) | | |
| १. | ४९४/०८१-८२ | सिनियर अपरेटर, इन्जि., मेकानिकल, नि.उ.स. | १ (एक) | तनहुँ जिल्लास्थित विभिन्न कार्यालयहरुमा कार्यरत रा.प.अनं. द्वितीय श्रेणीका सम्बन्धित सेवा, समूहका कर्मचारीहरु | जिल्ला प्रशासन कार्यालय, तनहुँ | सम्बन्धित प्रदेश प्रमुख सचिव |

### उम्मेदवारहरुले दरखास्त दिंदा ध्यान दिनुपर्ने विषयहरु:

(क) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको हुनुपर्ने र सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा एस.एल.सी. वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ।

(ख) महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारहरुको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) बमोजिम हुनेछ।तर निजामती सेवा नियमावली, २०५० को नियम १४ बमोजिमको कागजात पेश गर्नुपर्नेछ।

(ग) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।

(घ) निजामती सेवा नियमावली, २०५० को नियम ७६ बमोजिम उम्मेदवार हुनेको हकमा सो नियममा उल्लेख भए बमोजिम योग्यता पूरा भएको हुनुपर्नेछ।

(ङ) निजामती सेवा ऐन, २०४९ को दफा २४ अनुसारका बढुवाका आधार वापतको अङ्क गणना गरी बढुवाको सिफारिश हुनेछ।ऐनको दफा २४क अनुसार कार्यसम्पादनको मूल्याङ्कन, दफा २४ख अनुसार जेष्ठताको मूल्याङ्कन, दफा २४ग अनुसार भौगोलिक क्षेत्रको अङ्क र दफा २४घ अनुसारको शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन हुनेछ।

(च) निजामती सेवा ऐन, २०४९ को दफा २४ को उपदफा ३ बमोजिम सम्भाव्य उम्मेदवारको कार्यसम्पादन मूल्याङ्कनवापत अङ्क गणना गर्दा असार मसान्तसम्मको हिसाबले र अन्य अंकको गणना गर्दा विज्ञापन प्रकाशन गर्दा तोकिएको दरखास्त दिने अन्तिम मितिसम्म हासिल गरेको अंक गणना गरिनेछ।

(छ) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ।

(ज) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(झ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भएबमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(ञ) दरखास्त दस्तुर रु.७००।- (सात सय) बुझाउनु पर्नेछ।

**सम्बन्धित बढुवा समितिका सचिवालयले यसै सूचनालाई आधार मानी बढुवा दरखास्त फाराम संकलन गरी बढुवा सम्बन्धी कारबाही अघि बढाउन अनुरोध गरिन्छ।**